**Patan Pragya** *(Volume: 8, Number: 1 2021)* *ISSN No. 2595-3278*

Received Date: Jan. 2021 Revised: April 2021 Accepted: June 2021

https://doi.org/10.3126/pragya.v8i01.42450

# गण्डकी क्षेत्रमा प्रचलित लोकनाच

**दीनदयाल रेग्मी**[*]

**सार**

*नेपाल लोकसंस्कृतिले सम्पन्न देशहरूमध्येको एउटा देश हो । नेपालमा आआफ्नै संस्कृतिलाई आत्मसात गर्दै जीवन बिताएका धेरै जाति तथा समुदाय र विविध भाषाभाषीहरूको बसोवास रहेको छ । हिमाल, पहाड र तराईले सुसज्जित भएको यस देशमा भौगोलिक विविधता रहेको छ । यहाँका प्रत्येक जात, जाति तथा समुदायका आआफ्नै प्रकारका फरकफरक लोकसंस्कृति छन् । यहाँका हिमाली, पहाडी र तराई क्षेत्रमा बसोवास गर्नेहरूका संस्कृति एकअर्का ठाउँका व्यक्तिलाई नौला खालका अनुभव हुन्छन् । पहाडी क्षेत्रमा पनि एउटा क्षेत्र, जिल्ला, भेक तथा गाउँका संस्कृतिमा पनि विविधता पाइन्छ । ती विविधताभित्र देखापर्ने नेपाली लोकसंस्कृतिको एउटा महत्त्वपूर्ण स्थल नेपालको गण्डकी क्षेत्र पनि हो । यस क्षेत्रमा भएका समग्र लोकसंस्कृतिको आफ्नै महत्त्व हुँदा हुँदै पनि यस क्षेत्रमा प्रचलित लोकनृत्यलाई मात्रै यहाँ चर्चा गर्न खोजिएको छ । उद्देश्य प्राप्त गर्नका लागि स्थलगत र पुस्तकालयीय अध्ययनपद्धति अवलम्बन गर्दै प्राप्त भएका तथ्यलाई यहाँ विभिन्न बुँदामा समेटी प्रस्तुत गरिएको छ ।*

## १ गण्डकी क्षेत्र

गण्डकी क्षेत्र नेपालको मध्यभागमा अवस्थित छ । यस क्षेत्रमा जम्मा एघार ओटा जिल्ला रहेका छन् । यस क्षेत्रको पूर्वमा वागमती प्रदेश, दक्षिण पश्चिममा लुम्बिनी प्रदेश पर्दछन् । यस क्षेत्रमा गोरखा, लमजुङ, तनहूँ, मनाङ, कास्की, स्याङ्जा, पर्वत, बाग्लुङ, म्याग्दी, मुस्ताङ र नवलपुर रहेका छन् ।

यस गण्डकी क्षेत्रमा विभिन्न जातजातिको बसोवास छ । तीमध्ये कुनै यहीँकै पुराना रैथाने छन् भने कुनै विविध उद्देश्य लिई यस ठाउँमा आई बसोवास गरेका छन् । तीमध्येका प्रमुख केही जातिहरू यस प्रकारका छन् : ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, थकाली, नेवार, कुमाल, माझी, तामाङ, कामी, दमाईं, गन्धर्व, चेपाङ आदि । यी विविध जातजातिको बसोवास भएको यस अञ्चलमा वि.सं. २०६८ सालको जनगणना अनुसार १४,८७,९५४ जनसङ्ख्या रहेको छ । यी सबै जातजातिले साझा भाषाका रूपमा नेपाली भाषालाई प्रयोग गर्ने गर्दछन् । उक्त भाषा बाहेक यहाँ गुरुङ, मगर, थकाली, नेवार, कुमाल, माझी, तामाङ आदि भाषा बोल्ने जातिजातिहरू भेटिन्छन् । यहाँ यिनै जातजाति, भाषाभाषीका विविध लोकसंस्कृतिहरू फुलिरहेका छन्, फुलिरहेका छन् र विकसित भइराखेका छन् । यस क्षेत्रमा नेपाली लोकगीत, लोकबाजा र लोकनृत्यको सुन्दर मिलन भएको भेटिन्छ । यस आलेखमा लोकसङ्गीतअन्तर्गत पर्ने यी तीनवटा पक्षमध्ये लोकनाचको मात्र चर्चा गरिँदै छ ।

## २ लोकनाचका प्रकार र परिचय

लोकले आफ्नो रीतिपरम्परामा जीवित राखेको हाउभाउयुक्त लोकसङ्गीतसम्बद्ध प्रस्तुति लोकनाच हो । लोकनाचका विभिन्न भेद छन् । ती प्रकारलाई विभिन्न आधारमा छुट्ट्याउन सकिन्छ ।

---

*[*] श्री रेग्मी पाटन संयुक्त क्याम्पस, ललितपुरमा प्राध्यापनरत हुनुहुन्छ ।*

जानकारीका निम्ति सङ्गीतको प्रयोगका आधारमा लोकनाचलाई तीन भागमा वर्गीकरण गरी छुट्ट्याउन सान्दर्भिक हुन्छ । जस्तै : गीति नाच, तालनाच, गीतिताल नाच ।

बाजाको प्रयोग नगरीकन गीतमा मात्र आधारित भई नाचिने नाचलाई गीति नाच भनिन्छ । गीतिनाच अन्तर्गत तीजे नाच, हम्क्याइलो नच, कैकदमै नाच आदि पर्दछन् । गीतको प्रयोग नगरीकन बाजाको तालमा आधारित भई नाचिने नाचलाई तालनाच भनिन्छ । तालनाच अन्तर्गत भोटेसेलो नाच, लाखे नाच, तायमचा नाच आदि पर्दछन् । गीत र बाजा दुवैको प्रयोग गरी नाचिने नाचलाई गीतिताल नाच भन्नु सान्दर्भिक हुन्छ । गीतिताल नाचअन्तर्गत कौरा नाच, तरबारे नाच, खेली वा चुड्का नाच, लमजुङे नाच, छ्याँदु नाच, झ्याउरे नाच, घाटु नाच, सोरठी नाच, भैरव नाच, थाली नाच, बालन नाच, पुटपुटे नाच, तोरन्ल नाच आदि पर्दछन् ।

### २.१ लमजुङे नाच

लमजुङे भाका, कर्पुटारे भाका, ठाडो भाका नामले चिनिएको गीतमा नाचिने नृत्यलाई लमजुङे नाच भन्नु सान्दर्भिक ठानिएको छ । यसलाई **लमजुङे नाच, दुरा नाच, ठाडो भाका नाच** नामले चिनाउन सकिन्छ । यो नाच पहिल्यैपहिल्यै लमजुङका देउबहादुर दुराले यो गीत गाई नाचेर देखाउँथे । त्यसपछि पनि लमजुङे भाकाको गीत गाउँदा यो नाच नाच्ने चलनले निरन्तरता पाइरह्यो । देउबहादुर दुराका सन्ततिले पनि यो नाच नाच्ने गरेका छन् । अहिले बुद्धि गुरुङ(धम्पु)ले यही नाच नाचेर दर्शकहरूलाई निकै प्रभावित पार्छन् । यो नाच आँगन वा यस्तै खुला ठाउँमा नाचिन्छ । लमजुङे भाका नामको गीत, मादल र मजुर नामको बाजाको तालमा नाचिने यस नाचको नृत्यकार्यमा पुरुषको मात्र सहभागिता रहन्छ । यो नाच गीत र बाजाको तालअनुसार फन्को मार्दै उठबस गर्दै नाचिन्छ । यसका नर्तकले कछाड, भोटो, इस्टकोट, टोपीलगायतका पोशाकका साथै खुट्टामा खाँकर अर्थात् चाँप लगाएका हुन्छन् ।

### २.२ कौरा नाच

नेपालको पश्चिमाञ्चल क्षेत्रमा प्रचलित लोकगीतमध्येको एउटा लोकगीतको नाम कौरा हो । यही कौरा गीतमा नाचिने नृत्यलाई कौरा नृत्य अर्थात् कौरा नाच भनिन्छ । यस नृत्यलाई **कौरा, कौह्रा, कौरुवा, करुवा, कुरुवा** एवं **कडुवा** शब्दले पनि चिनाइएको भेटिन्छ । यसका नामका बारेमा अनेक किम्बदन्ती पाइन्छन् (पराजुली, २०६३ : १०७) । विशेष गरी मगर जातिको नाच हो भनेर चिनिएको यो नाच गुरुङ, दरै, कुमाल जातिले पनि नाच्ने गरेको पाइन्छ । आँगन वा यस्तै फराकिलो स्थानमा नाचिने यस नाचमा पुरुषले खैंजडी वा डम्फू अनि झुर्मा नामका बाजा बजाउँदै यो गीत गाउँछन् । त्यही गीतको भाव र लय एवं तिनै बाजाका तालअनुसार मगर जातिका अविवाहित युवतीहरू सामूहिक रूपमा नाच्छन् । यस नाचका नर्तकीहरूले गुन्यू, चोलो, घलेक, पछ्यौरा लगायतका पोशाक अनि कण्ठ, जन्तर लगायतका गहना लगाउनुका साथै खुट्टामा चाँप लगाएका हुन्छन् । गीत गाउनुपूर्व बाजाको ताल निकाल्छन् अनि नर्तकीहरूले त्यही तालमा हातको हाउभाउ प्रदर्शन गर्दै ढिलो ढिलो नृत्य आरम्भ गर्दछन् अनि गीतका गतिसँगै नृत्यलाई गतिमान बनाउँछन् । यो नृत्य गर्दा गीतको एउटा अन्तरा पटकपटक दोहोऱ्याउँछन् । गीतको भावअनुसार नर्तकीहरूले नाच्दै हाउभाउकटाक्ष प्रस्तुत गरेका हुन्छन् । यस नृत्यको आरम्भ स्थानीय देवीदेवताको प्रार्थनाबाट गरिन्छ । यसको अन्त्य यसरी नै गर्नुपर्छ भन्ने कुनै बन्धन छैन । यस नृत्यमा श्रृङ्गारभावको प्रबलता हुन्छ ।

### २.३ खेली वा चुड्का नाच

खेलका रूपमा ख्यालख्यालमा सजिलै गाइने गीतलाई खेली गीत भनिन्छ (न्यौपाने, २०६६ : १२४) । खेली गीतलाई कतिपय ठाउँमा चुड्का पनि भन्ने गर्दछन् । यो खेली वा चुड्का गीतमा

नाचिने नृत्यलाई खेली नाच वा चुड्का नाच भनिन्छ । आरम्भिक पृष्ठभूमि किटानसाथ भन्न नसकिए पनि यस नाचको इतिहास धेरै लामो छ भन्ने कुरामा विमति आउँदैन । यो नाच ब्राह्मण तथा क्षेत्री जातिका विभिन्न उमेरका पुरुष वा स्त्री एकल वा सामूहिक रूपमा नाच्ने गर्दछन् । बाह्रै महिना जुनसुकै समयमा नाच्न सकिने यो नृत्य स्वतन्त्र प्रकृतिको हुन्छ । यति नै अवधि नाच्नै पर्दछ भन्ने वाध्यता यस नाचमा हुँदैन । यो नाच नाच्दा यस्तै पोशाक लगाउनुर्दछ भन्ने पनि छैन तर ब्राह्मण तथा क्षेत्री जातिका मानिसले लगाउने पोशाक र गहना लगाउँदा यो नृत्य बढी प्रभावकारी देखिन्छ । गीत र बाजाको गतिअनुसार यो नाच पहिला ढिलो त्यस पछि छिटो र अन्त्यमा केही ढिलो तरिकाले अनि हात नचाउँदै र ढल्कँदै बेलाबेलामा फन्को मार्दै नाचिन्छ । यस नृत्यमा खैंजडी, मजुरालगायतका बाजाको प्रयोग गरिन्छ । यस्तै यसमा खेली वा चुड्का गीत एवं भजन गाइन्छ । यस गीतमा प्रेम एवं भक्तिभावको प्रधानता हुन्छ । यो नृत्य समाजमा अहिले पनि उत्तिकै गतिमान बनेर विकसित भइरहेको छ ।

### २.४ छ्याँदु नाच

छ्याँदु नाचलाई **छेंदु नाच, छेंडु नाच** पनि भनेको पाइन्छ । गुरुङ जातिको मृत्यु संस्कारका क्रममा नाचिने यो नाच गुरुङ जातिका पाका पुरुषहरूले सामूहिक रूपमा नाच्ने गर्दछन् । मानिस मृत्यु भएको वर्षमा अर्घो गरिन्छ अनि त्यही अर्घो थालेको दोस्रो दिन अनुकूल परेका समयमा नाचिने यो नृत्य गर्दा मृत व्यक्तिको आत्मालाई आह्वान गरी त्यस आत्माको मुक्तिको कामना गर्दै मृत व्यक्तिका आफन्तलाई शोकमुक्त तुल्याउने उद्देश्य राखिएको हुन्छ । यो नाच नाच्दा २५, ३० जना पुरुषहरू गुरुङ पोशाक(सेतो कछाड, भोटो, पटुका, टोपी, भाङ्ग्रो)मा सजिएर ढोल(घोंघु) र झुर्मा बजाउँदै सामूहिक रूपमा नाच्छन् । कतिपय नर्तकहरूले हातमा धनुषवाण लिएका हुन्छन् । वृत्ताकारमा ढल्कँदै र हिंड्दै नाचिने यो नृत्य गर्दा आफन्तलाई बोलाउने एक दुई चरन गीत गाइन्छ । योभन्दा बाहेक अरू सबै नृत्य बाजाका तालमा गरिन्छ । यो नाच नाच्दा नर्तकले हातखुट्टा बढी र अन्य अङ्ग केही मात्रामा सञ्चालन गर्दछन् । यस नाचबाट शान्ति स्थायी भाव जागृत हुन्छ ।

### २.५ झ्याउरे नाच

झ्याउरे नाचलाई अर्को शब्दमा झाम्रे नाच पनि भनिन्छ । यो नाच झ्याउरे गीत र यस्ता गीतसित सम्बन्धित तालमा नाचिन्छ । यो नाच पहिल्य-पहिल्यै गुरुङ, मगर, कामी, दमाईं आदि विभिन्न जातिका विभिन्न उमेरअवस्थाका पुरुष वा स्त्री एकल वा सामूहिक रूपमा नाच्ने गर्दथे । बाह्रै महिना जुनसुकै समयमा नाच्न सकिने यो नाच नाच्दा कुनै ठूलो बन्धन हुँदैन । यसका निम्ति कुनै नौलो पोशाक लगाइँदैन । यो नाच ढिलो, मध्यम र छिटो गरी तीनवटै शैली अपनाएर नाचिन्छ । उठबस गरेर, फन्को मारेर, ढल्कँदै नाचिने यो नाच नाच्दा वातावरण निकै रोमाञ्चमय हुन्छ । यसमा प्रयोग हुने मुख्य बाजा मादल हो । यो बाहेक नौमती बाजा पनि कहिले काहीँ प्रयोग हुने गर्दछ । यस्ता बाजाका साथै यो नृत्य गर्दा बाह्रमासे गीत अर्थात् मनोरञ्जनमूलक गीत गाइन्छ । यस नृत्यमा श्रृङ्गार, हास्य आदि भाव प्रकटीकृत हुन्छन् ।

### २.६ तरबारे नाच

तरबारे नाचलाई तरबार नाच पनि भनिन्छ । यो नाच गन्धर्व जातिमा प्रचलित छ । यो नाच कहिलेदेखि प्रारम्भ भएको हो भन्नेबारे कुनै तथ्यपूर्ण जानकारी प्राप्त भएको छैन । यो नाच वीरतापूर्ण कार्यसित सम्बन्धित छ । आँगन वा यस्तै खुला ठाउँमा पाको उमेरका गन्धर्व पुरुषले दुईजना भएर यो नाच नाच्ने काम गर्दछन् । गन्धर्व जातिको व्रतबन्ध वा विवाहका अवसरमा नाचिने यो नाच नाच्दा नर्तक गन्धर्वले पहिल्यै-पहिल्यै दौरा, सुरवाल, कोट, फेटा, टोपी लगाउँथे भने अहिले पाइन्ट, कमिज, टोपी आदि

आधुनिक पोशाक लगाएका हुन्छन् । यो नाच नचाउँदा नाच्ने बाहेक अन्य गन्धर्वले सारङ्गी, मादललगायतका बाजा बजाएका हुन्छन् । यो नाच नाच्दा "तरबारीको भयो घमासान" भन्ने गीत गाउँछन् । करुण र हास्यभावको छनक आए पनि यो नृत्य विशेष गरी वीरभाव प्रस्तुत गर्ने नृत्यका रूपमा चिनिएको छ । अहिले गन्धर्वहरूले त्यती नगाउने हुँदा यो नृत्य लोपोन्मुख अवस्थामा छ ।

### २.७ तायमचा नाच

तायमचा नेवारी शब्द हो । तायमचा शब्दको अर्थ छुट्ट्याउँदा ताय=वृद्ध, मचा=बालक भन्ने अर्थ निस्कन्छ । यसैलाई आधार बनाएर वृद्धदेखि बालकसम्मका सबैलाई आनन्द दिने सामर्थ्य भएकाले यसलाई नेवारी भाषामा तायमचा भनिएको हो भनेर अनुमानित अर्थ लगाउने पनि पाइन्छन् । यो नाच गण्डकी अञ्चलको सदरमुकाम पोखराका नेवार समुदायमा प्रचलित छ । परि जस्तो स्वरूप बनाई नाचिने भएकाले यसलाई परिनृत्य वा अप्सरा नृत्य पनि भन्न सान्दर्भिक हुन्छ भनेर चिनाउनेहरू भेटिन्छन् । प्रत्येक वर्ष जनैपूर्णिमाको भोलिपल्ट गाईजात्राको रमाइलो हुन्छ । त्यसै अवसरमा निकै रमाइलो पाराले यो नाच नचाइन्छ । यो नाच काठमाडौंका राजा प्रताप मल्लका छोरा चक्रवर्तीन्द्र मल्लको मृत्युप्रसङ्गसँग जोडिएको छ । चक्रवर्तीन्द्र मल्लको मृत्यु पछि प्रताप मल्लकी रानी शोकाकुल भइन् । यस्तो शोक सबैलाई पर्छ भनी बोध गराएर रानीलाई शान्त बनाउनका निम्ति राजा प्रताप मल्लले त्यस वर्ष मरेका मृतकहरूका घरबाट एउटा गाई सिँगारेर निकाल्नुपर्ने घोषणा गरे । त्यसैअनुसार निकाल्दा घरमा यस्तो परेको रहेछ भनी बुझी रानीले चित्त बुझाएकी थिइन् । त्यसै समयदेखि गाईजात्रा र तायमचा नाच प्रारम्भ भएको हो । यस्तो ऐतिहासिक परम्परा भएको यो नृत्य गाईजात्राको दिन दिउसो अनि राति जति बेला पनि नाच्ने गरिन्छ । यसमा चारजनाले नर्तकी र एकजनाले हास्य(जोक्कर) नर्तकको भूमिका निर्वाह गर्दछन् । यीमध्ये चारजनाले घाँघर, दोपटटा, घाँटीमा हार, रङ्गीबिरङ्गी माला, शिरमा मुकुट, काँधभन्दा मुनि पछाडिपट्टि चराको पखेटा आकृतिको वस्तु लगाउँछन् । यसरी यी चार पुरुष अप्सरा जस्ता बनेर नाच्छन् । यस्तै एकजना जोक्करले थोत्रामोत्रा कपडा लगाएर नाच्दै र अभिनय गर्दै हँसाउने काम गर्दछ । यस नाचमा खिङ, झ्याली, सहनाई, ढुस्या, ढोलकीलगायतका बाजाहरू बजाउँछन् । एउटै गतिमा नाचिने यो नाच नाच्दा दर्शकहरूका मनमा छुट्टै आनन्द अनुभूत हुन्छ ।

### २.८ हम्क्याइलो नाच

तीजका अवसरमा गाइने एक प्रकारको गीतलाई हम्क्याइलो भनिन्छ भने त्यही हम्क्याइलो गीतमा नाचिने नृत्यलाई हम्क्याइलो नाच भनिन्छ । हिन्दू धर्मावलम्वी महिलाले सामूहिक रूपमा गाउने हम्क्याइलो नामको यस गीतमा नाचिने यस नृत्यमा एउटी महिलाको मात्र सहभागिता रहन्छ । गीतको भावअनुसार हाउभाउ प्रकट गर्दै नाचिने यो नृत्य जोसिलो हुन्छ । राति वा दिन जुनसुकै समयमा नाच्न सकिने यो नाच नाच्ने महिलाले तीजमा लगाउने पोशाक र गहना प्रयोग गर्दछन् । विभिन्न शैलीमा नाचिने यो नृत्य गर्दा बाजाका रूपमा ताली प्रयोग हुन्छ । यस नृत्यको प्रस्तुतिले वीर, हास्य र करुणभाव जागृत गराउँछ । पोखरा र आसपासमा नाचिने यो नाच अहिले लोपोन्मुख अवस्थामा छ ।

### २.९ कइकदमै नाच

तीजका अवसरमा कइकदमै थेगो प्रयोग गर्दै गाइने एक प्रकारको गीतलाई कइकदमै भनिन्छ भने त्यही कइकदमै गीतमा नाचिने नृत्यलाई कइकदमै नाच भनिन्छ । महिलाहरूले प्रस्तुत गर्ने यस कइकदमै नाचमा केही अभिनय पनि हुन्छ । नृत्य गर्दा गीतको भावअनुसार अङ्ग चलाउने र हाउभाउ प्रस्तुत गर्ने गरिन्छ । यस नृत्यमा करुणभावयुक्त गीत छभने कारुणिक हाउभाउ र वीरभावायुक्त गीत छभने

वीरभावयुक्त हाउभाउ प्रस्तुत गरिन्छ । हिन्दू धर्मालम्वी महिलाले गर्ने यो नृत्य स्याङ्जाको मिर्मीतिर भेटिन्छ । यो नृत्य अहिले लोपोन्मुख अवस्थामा छ ।

**२.१० पञ्चमी नाच**

प्रत्येक वर्ष तीजपछि आउने पञ्चमीका दिन सप्त ऋषिको पूजा गर्दा नाचिने नृत्यलाई पञ्चमी नाच भनिन्छ । यो नाच पञ्चमी घुम्दै गरेका हिन्दू महिलाहरूले एकल वा सामूहिक रूपमा नाच्छन् । पञ्चमी घुम्दै गर्दा कुनै-कुनै महिला घुम्दै नाच्दै गर्ने नाच पञ्चमी नाच हो । यो नाच नाच्दा आवश्यक ठानेमा ताली बजाउँछन् । भगवान्को भक्तिसित सम्बन्धित हुने भएकाले यस नाचमा भक्तिभावको प्रधानता हुन्छ । यो नाच प्रदर्शन गर्ने सन्दर्भमा सम्बन्धित महिलाले शरीर स्नान गरी पूजाआजा गरी शरीरमा चोखा वस्त्र धारण गर्दछन् । त्यसपछि सप्तर्षिको पूजामा सहभागी हुन्छन् । त्यही पूजाका क्रममा ढिलो शैलीमा यो नाच नाच्दछन् । भक्तिभावको प्रधानता हुने यस नृत्यम  गरगहनाको तडकभडक हुँदैन । अहिले यो नृत्य लोपोन्मुख अवस्थामा छ ।

**२.११ तोरन्ल नाच**

तोरन्ल पर्वमा नाचिने नाचलाई तोरन्ल नाच भनिन्छ । यो नाच थकाली जातिमा प्रचलित छ । तोरन्ल पर्व प्रत्येक वर्ष फागु पूर्णिमाका दिन मनाउने चलन छ । यो नृत्य गर्दा थकालीहरूले थकाली भाषामा नै गीत गाउँछन् । यस नृत्यसित सम्बन्धित लोककलाकारले यो गीत गाउँदा मादल र चाँप नामक बाजाको प्रयोग गर्दछन् । यस नृत्यमा थकाली महिलाहरू सहभागी हुन्छन् । ती महिलाहरूले घाँघर, पटुका, चोलो, पछ्यौरालगायतका वस्त्र र सूनका नाना प्रकारका गहना लगाएका हुन्छन् । यसरी सजिएका महिलाहरू तोरन्ल गीतमा गोलाकारमा ढिलोढिलो घुम्दै र नाच्दै गर्दछन् । गण्डकी अञ्चलमा भने यस नृत्यको आरम्भ मुस्ताङका थकालीहरू यस अञ्चलमा  आएर बस्न थाले पछि भएको हो ।

**२.१२ थाली नाच**

थाली नाचलाई थाल नाच पनि भनेको पाइन्छ । थाली हातमा लिएर नाचिने भएकाले यसलाई थाली नाच वा थाल नाच भनिएको हो । इतिहासका बारेमा स्पष्ट तथ्य फेला नपरे पनि विशेष गरी यो नृत्य गर्ने जाति ब्राह्मण तथा क्षेत्री जाति हुन् । एकल वा सामूहिक रूपमा नाचिने यो नाच नाच्न पाको उमेरका व्यक्ति बढी सक्रीय देखिन्छन् । पूजाआजा, पर्वउत्सव आदि कार्यमा जमघट भए पछि गाइने विभिन्न प्रकारका गीतमा यो नाच नाचिन्छ । दुईवटा हातमा अक्षतायुक्त थाली राखेर त्यही थाली नचाउँदै यो नाच नाचिन्छ । चलनचल्तीको अनौपचारिक पोशाकमा सजिएर नाचिने यो नाच ढिलो अनि छिटो दुबै शैलीमा नाचिन्छ । यो नाच नाच्दा नाच्ने व्यक्तिले थालीलाई विभिन्न तरिकाले नचाउने गर्दछन् ।

**२.१३ पुटपुटे नाच**

गुरुङ जातिले बालक जन्मेपछि मुण्डन संस्कार गर्दछन् । त्यही मुण्डन संस्कार गर्दा नाचिने एक प्रकारको नृत्यलाई पुटपुटे नाच भनिन्छ । यस जातिको जेठो छोरोको प्रथम मुण्डन कर्म त्यो छोरो जन्मेको तीन वर्ष भित्र गरिन्छ । त्यस अवसरमा घरतिरका इष्टमित्र र मावलीतिरका इष्टमित्र जम्मा भई यो मुण्डन संस्कार कार्य भव्यतापूर्वक मनाउँछन् । त्यस बेला त्यहाँ सहभागी गुरुङहरू गुरुङ पोशाकमा सजिएका हुन्छन् । यस्तै महिलाहरूले नाना प्रकारका गहना पनि लगाएका हुन्छन् । सबै पशन्न देखिन्छन् । यस्तो बेलामा यो  पुटपुटे नाच नाचिन्छ ।

## २.१४ भैरव नाच

भैरवका रूपाकृति बनाएर सामूहिक रूपमा नाचिने एक प्रकारको नृत्यलाई भैरव नाच भनिन्छ । यो नाच गण्डकी अञ्चलको पोखरामा बस्ने नेवार समुदायमा बढी प्रचलित छ । यसको इतिहास खोज्दै जाँदा नेपाल एकीकरणको प्रसङ्गलाई जोड्नु पर्ने हुन्छ । वि.सं.१८२८ सालमा पृथ्वीनारायण शाहले भक्तपुरलाई आफ्नो अधीनमा लिएपछि भक्तपुरका पराजित राजा रणजीत मल्ल पोखरामा आए । त्यस बेला रणजीत मल्लले भैरवका मूल सामग्री पोखरा ल्याएर यहाँ नाच्ने परम्परा बसालिदिए (पराजुली, २०६३ : १६८) । त्यसै बेलादेखि पोखरामा यो नाच प्रचलनमा आएको हो । पोखरामा अहिले पनि त्यती बेला भैरव जगाएको र तिनै भैरवको मन्दिर बनाएको स्थानलाई भैरवटोल भन्ने चलन छ । प्रत्येक बाह्र वर्षमा एकचोटि नचाइने यो नाच अहिले ६ वर्षमा एकपटक नचाउँदै प्रदर्शन गराउने चलन चलेको छ । त्यसैअनुसार तीजका दिन यस नाचको प्रदर्शन आरम्भ गरिन्छ अनि त्यस वर्षको नाच सके पछि भैरव नाच थन्क्याइन्छ । यस नाचमा १२ जना नर्तक, ८ जना गायक, ८ जना वादक, १ जना निर्देशक र अन्य सहयोगीसमेत गरी ६० जना व्यक्ति सहभागी हुन्छन् । नाच निकाल्ने स्थानमा चँदुवा टाँगिएको हुन्छ भने यो नृत्य निकाल्नुपूर्व भैरवको पूजा गरिन्छ । यस नृत्यले विभिन्न स्थायीभाव जागृत गराउँछ ।

## २.१५ बालन नाच

बालन नामको लोकनाटक प्रदर्शन गर्दा नाचिने एक प्रकारको नाचलाई बालन नाच भनिन्छ । यसलाई **बालन नाच, बालुन नाच** र **बालायन नाच** पनि भनेको पाइन्छ (न्यौपाने, ई.२०१० : १०९) । यो नाच नेपालको मध्य पहाडी भेकका ब्राह्मण तथा क्षेत्री समाजमा प्रचलित छ । भगवान्का लीलाको प्रदर्शनको परम्परा जहिले बाट आरम्भ भयो तहिले देखि नै यो नाच आरम्भ भएको मान्नु पर्दछ । बालन प्रदर्शनका क्रममा बालन गाथाको लयमा नाचिने यस नाचमा दौरा, सुरवाल, कोट र टोपी लगाएका चारजना पुरुष एकातिर र चारजना अर्कातिर गरी आठजना नर्तक सामूहिक रूपमा उभिन्छन् । बालन लोकनाटकका निर्देशक (व्यास)ले बालन गाथा झिके पछि त्यही गाथाको लयमा आबद्ध हुँदै यी नर्तकहरू दोहोरो शैलीमा सामूहिक रूपमा नाच्छन् । एकातिरका नाच्दै अगाडि गएर र अर्कातिर उभिएका नर्तकसामु पुगी ती नर्तकहरूलाई अभिवादन गरी नाच्दै फर्कन्छन् अनि आफ्नै ठाउँमा आएर उभिन्छन् । यस्तै तरिकाले अर्कातिरको समूहले नृत्य प्रदर्शन गर्दै अभिवादन गरी पुनः नाच्दै आफ्नै स्थलमा आई बस्छन् । यो नाच पूजाआजा गरेको घरको आँगनमा रातिको समयमा नाचिन्छ । उज्यालो भएपछि आशीर्वाद दिएर यो नृत्य समाप्त गरिन्छ । यस नाचमा खैंजरी र मजुरा नामका बाजाको प्रयोग हुन्छ । पहिल्य-पहिल्यै निकै लोकप्रिय मानिएको यो नाच अहिले लोपोन्मुख अवस्थामा पुगेको छ ।

## २.१६ सोरठी नाच

सोरठी नामको लोकनाटकमा नाचिने एक प्रकारको नाचलाई **सोरठी नाच** भनिन्छ । यसलाई म्याग्दी जिल्लाका मगरहरूले **पुर्ख्यौली नाच** भन्दछन् भने गोरखा जिल्लामा यसलाई **पाउँदुरे नाच** भनेर चिनाउँछन् । यो नाच नेपालको मध्य पहाडी भेकका प्रायः मगर समाजमा प्रचलित छ तापनि गुरुङ, कुमाल, दरै तथा कामीलगायतका जातिले पनि यस नाचमा आफूलाई सक्रिय रूपमा सहभागी बनाएका हुन्छन् । राजा जयसिंह र रानी सोरठीको जीवनकथामा आधारित यस लोकनाटकलाई प्रदर्शन गर्दा नर्तकका रूपमा पुरुषहरू नै सहभागी भएका हुन्छन् । यो नाच नवरात्रिको कालरात्रिमा आरम्भ गरी हिउँदभरि नचाइन्छ अनि श्रीपञ्चमीका दिन समाप्त गरिन्छ । यस लोकनाचको इतिहास कहिले देखि प्रारम्भ भयो भन्ने बारे स्पष्ट तथ्य प्राप्त भइसकेको छैन । यस नाचमा सहभागी व्यक्तिमध्ये एकजना गुरुले गीतगाथा झिक्छन् । यिनै गुरुले झिकेको गीतगाथालाई अन्य सहयोगीले छोप्छन् । नारीको

पोशाकमा मारुनी बनेर एउटा नर्तक माझमा उभिन्छ । यस्तै प्रकारले पुरुषका पोशाकमा एकजना पुर्सुङ्गे मारुनीका आडमा उभिन्छन् । नजिकै एकजना ढँटुवारे (हास्यपात्र) उभिएको हुन्छ । यस्तैमा दुवैतिर दुईजना मादले उभिएका हुन्छन् । मादलका तालमा गाइएको सोरठी गीतगाथाको भावअनुसार यी नर्तकहरू अगाडि जाँदै, फन्को मार्दै, घुम्दै यो नाच नाच्छन् । दिनमा भन्दा रातिका समयमा बढी मिहिन देखिने यो नाच कहिले काहीं दिउसोको समयमा पनि प्रस्तुत गरेको भेटन्छ । बाजाको तालअनुसार कहिले ढिलो, कहिले छिटो त कहिले घुमेर यो नाच नाचेको पाइन्छ । लोकसमाजमा निकै लोकप्रिय भएर पनि यो नाच क्रमशः लोप हुँदै गएको छ । यही नाचलाई कतिपय ठाउँमा पाउँदेर नाच त कतिपय ठाउँमा मारुनी नाच भनेर प्रस्तुत गरेको पाइन्छ ।

## ४. निष्कर्ष

नेपालका सात ओटा प्रदेशमध्ये लोकसंस्कृतिका दृष्टिले सुसम्पन्न एउटा क्षेत्र गण्डकी प्रदेश हो । यस प्रदेशमा विभिन्न जाति तथा समुदायको बसोवास रहेको छ । यहाँ विभिन्न भाषाभाषीहरू पनि पाइन्छन् । विभिन्न भाषाभाषी भएकाले पनि यहाँ अनेक प्रकारका संस्कृतिहरू भेटिन्छन् । यस क्षेत्रका मानिसले आफ्नो प्रचलनअनुसार नाना प्रकारका लोकगीत गाउँछन् । यस्तै अनेक प्रकारका लोकबाजा बजाउँछन् । यसका साथै ती गीत र बाजासित सम्बन्धित भएर भिन्नभिन्न प्रकारका नृत्य पनि प्रस्तुत गर्दछन् । यहाँ नाचिने नृत्यमा लमजुङे नाच, कौरा नाच, खेली वा चुड्का नाच, छ्याँदु नाच, झ्याउरे नाच, तरबारे नाच, तायमचा नाच, हम्क्याइलो नाच, कइकदमै नाच, पञ्चमी नाच, तोरन्ल नाच, थाली नाच, पुटपुटे नाच, भैरवनाच, बालन नाच र सोरठी नाच मुख्य रूपमा पाइएका छन् ।

देशमा विदेशी संस्कृतिले लोकसंस्कृतिप्रति गर्दै गएको दमनको प्रभाव यहाँका लोकसांस्कृति सम्पदामाथि पनि परेको छ । यहाँ प्रचलित मौलिक अस्तित्त्वलाई आयातीत विदेशी लोकसंस्कृतिले मास्न खोजेका छन् । आधुनिक बन्ने दौडमा नेपाली समाजका कतिपय व्यक्तिले यस्ता लोकसंस्कृतिलाई माया गर्नुको साटो उल्टै तिरस्कार गरेका छन् । यिनको लोकसांस्कृति सम्पदाको संरक्षणका निम्ति लागेकाहरू पनि प्रोत्साहन नपाएका कारण निस्क्रिय हुन थालेका छन् । राज्यको परिचायक र महत्त्वपूर्ण उपलब्धि मानिएको लोकसांस्कृतिक सम्पदालाई वैज्ञानिक रूपमा संरक्षण गरी जोगाउनु सबैको दायित्व हो ।

### सन्दर्भकृतिसूची

न्यौपाने, कुसुमाकर (ई.२०१०) "दशावतार बालन लोकनाटकको तत्त्विक विश्लेषण" ***कन्ट्रिब्युसनस् टु नेपलीज स्टडीज,*** ( भोलुम ३७, नम्बर १), काठमाडौं : सेन्टर फर नेपाल एन्ड एसियन स्टडिज, त्रिभुवन युनिभर्सिटी कीर्तिपुर ।

..................(२०६२), ***गन्धर्व जातिको लोकसाहित्य र प्रदर्शनकारी लोककलाको अध्ययन*** (लघुअनुसन्धान), काठमाडौं : नेपाली लोकवार्ता तथा संस्कृति समाज ।

.................(२०६६), ***पश्चिमाञ्चल क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूको अध्ययन*** (शोधप्रबन्ध), काठमाडौं : त्रि.वि., मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालय ।

...................(२०६७), "गण्डकी अञ्चलमा प्रचलित नेपाली लोकगीत : एक अध्ययन" ***प्रज्ञा*** (अङ्क २, पूर्णाङ्क १०४), काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।

पराजुली, मोतीलाल (२०६३), ***नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरू,*** काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (नि.)(२०६०), ***नेपाली बृहत् शब्दकोश,*** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५८), ***नेपाली लोकसाहित्य,*** काठमाडौं : एकता बुक्स ।